मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

२५ Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : ३०० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असोज १४ गते बुधवार (Wednesday, September 30. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. :

## खाजा खान होटल जाँदा...

**उर्लाबारी, असोज १३।** भारत घर भई हाल उर्लाबारी-७ बस्दै आएका ३५ बर्षीय सुशील मल्लिकको कुटपिटबाट मृत्यु भएको छ ।

मल्लिकलाई उर्लाबारी-७ मै होटल सञ्चालन गरी बस्ने २६ बर्षीय गोपाल तामाङले कुटपिट गर्दा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

होटलमा खाजा खान गएको अवस्थामा गोपाल र उनीबीच बादविबाद हुँदा गोपालले एक्कासी कुटपिट गरी होटलबाट बाहिर निकाल्न खोज्दा मल्लिक भुइँमा लडी वेहोस भएका थिए । मल्लिकको स्थानीय अस्पतालमा उपचार हुन नसकी भारतको शिलगढीमा उपचार गराइरहेकोमा उपचारकै क्रममा उनको मृत्यु भएको उक्त कार्यालयले जनाएको छ ।

## कालोबजारी रोक्ने र चाडपर्व लक्षित सुरक्षा योजना ल्याइँदै



**बिर्तामोड, असोज १३।** झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले चाडपर्व सँगै बजारमा हुने मूल्य वृद्धि, कृत्रिम अभाव लगायतका कालोबजारी नियन्त्रण गर्न स्थानीय सरकार र सबै सरोकारवालासँग समन्वय गरेर तत्काल काम थाल्ने बताएका छन् ।

मंगलबार बिर्तामोडमा आयोजित समसामयिक विषयको छलफल कार्यक्रममा बोल्दै उनले उपभोक्ता अधिकार रक्षाका लागि जिल्ला प्रशासन कार्यालयले स्थानीय सरकारसहितका निकायसँग समन्वय गरेर अघि बढ्ने बताएका हुन् । राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मदनगोपाल सुब्बा लगायतले उपभोक्ता अधिकारका विषयमा प्रजिअ तिमिल्सिनाको ध्यानाकर्षण गराएका थिए ।

प्रजिअ तिमिल्सिनाले प्राप्त सुझावलाई ध्यानमा राख्दै कोरोना संक्रमणको जोखिम कम गर्न तथा जिल्लामा शान्ति सुव्यवस्था मिलाउन चाडपर्व लक्षित विशेष योजना ल्याउने बताए । चाडपर्वकै बेला जनजीवनलाई सहज बनाउन उनले सबै क्षेत्रको सहयोगको आवश्यकता औल्याएका छन् ।

छलफलमा उपस्थित विभिन्न क्षेत्रका प्रतिनिधिले प्रजिअ तिमिल्सिना तथा प्रहरी प्रमुखहरुलाई सुझाव दिएका थिए । त्यसक्रममा पेट्रोलियमको सहज उपलब्धता, लागूऔषध नियन्त्रण, महिला तथा बालबालिका हिंसा नियन्त्रण, विद्युत्को अनियमित सेवा, चोरी तस्करी नियन्त्रण, स्थानीय सरकारका कर, मलको व्यवस्थापन, यातायातमा हुने भीडभाड लगायतका समस्या समाधानमा प्रजिअको ध्यानाकर्षण गराइएको थियो ।

सामाजिक अभियन्ता तथा सहारा नेपालका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले जिल्लामा लागूऔषध नियन्त्रण प्रमुख चुनौतिको रुपमा देखिएको भन्दै उक्त समस्या समाधानका लागि सबै पक्ष एकीकृत ढंगले लाग्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष नारायण चिमरिया, संघका महासचिव तथा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका अध्यक्ष प्रशान्त भण्डारी, नेपाल कम्युनिष्ट पार्टीकी नेतृ लक्ष्मी न्यौपाने सरु, नेपाली कांग्रेसकी नेतृ सुशीला ढकाल आचार्य, एबीसी नेपालकी अध्यक्ष कञ्चना ढकाल सिटौला, चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली, मेची पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष नवीन कोइराला लगायतले विभिन्न सुझाव राखेका थिए ।

संवाद समूहको युवा टिमका सदस्य तथा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा भएको छलफलमा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख कृष्णप्रसाद कोइराला, सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डे, राष्ट्रिय अनुसन्धान कार्यालयका अनुसन्धान उपनिर्देशक तिलक प्रसाईं, इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख मुकुन्द रिजाल, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रकाश जबेगूलाई समेत सहभागीले सुरक्षा लगायतका विषयमा विभिन्न सुझाव दिएका थिए ।

रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष निर्मल भट्टराई, चेम्बर आफ कमर्श झापाका संस्थापक अध्यक्ष सन्तोष अग्रवाल, युनिकम नेपालका अध्यक्ष गजेन्द्रबहादुर पौडेल, एकका लागि एक अभियानका सदस्य हरि शर्मा, पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराई, वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट भानु शिवाकोटी, ट्रेड युनियन कांग्रेसकी केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, राप्रपाकी महिला नेतृ शारदा ढकाल रिजाल, महिला चेम्बर झापाकी अध्यक्ष प्रेमा भट्टराई, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाकी उर्मिला बिमली खरेल, वीरता जेसीजका कुशल खतिवडा लगायतले समेत सुझाव राखेका थिए । संवाद समूहको संयोजनमा भएको छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

# लक्ष्य फेरियो, राजश्व बृद्धि

**लक्ष्मी उप्रेती**

**मेचीनगर, असोज १३।** चालू आर्थिक वर्ष २०७७/०७८ को पहिलो साउन महिनाको मासिक राजश्व असुलीको लक्ष्यमा फेरबदल गरे लगत्तै मेची भन्सार कार्यालय काँकरभिट्टाले लक्ष्यको तुलनामा १७ दशमलव ४६ प्रतिशत राजश्व बृद्धि गरेको छ ।

शुरुमा भन्सार विभागले साउन महिनामा ९३ करोड रुपैयाँ राजश्व असुलीको लक्ष्य दिएको थियो । तर, पछिल्लो परिस्थितिलाई मध्यनजर गर्दै त्यसलाई संशोधन गरेर ४३ करोड ४८ लाख ८९ हजार रुपैयाँ राजश्व असुलीको लक्ष्य दिएको भन्सार प्रमुख ध्रुवराज विश्वकर्माले जानकारी दिए । उनका अनुसार कार्यालयले साउन महिनामा कूल ५१ करोड आठ लाख ३५ हजार रुपैयाँ अर्थात् एक सय १७ दशमलव ४६ प्रतिशत राजश्व असुली गरेको छ। जुन लक्ष्यको तुलनामा १७ दशमलव ४६ प्रतिशत बृद्धि हो ।

उता भदौ महिनामा भने कार्यालयले लक्ष्य भेट्टाउन सकेन् । ८४ करोड ४९ लाख ६७ हजार रुपैयाँ मासिक लक्ष्य पाएको मेची भन्सार कार्यालयले ८१ करोड ४२ लाख



४३ हजार रुपैयाँ अर्थात् ९६ दशमलव ३६ प्रतिशत मात्र राजश्व संकलन गरेका छ । साउनको तुलनामा ३० करोडभन्दा बढी राजश्व संकलन भएको प्रमुख भन्सार ध्रुवराज विश्कर्माले जानकारी दिए । पछिल्लो समय लक्ष्यमा पनि बृद्धि भएकै कारण भदौ महिनामा लक्ष्य पूरा नगरेको भन्सार अधिकारीहरुको भनाइ छ ।

अहिले काँकरभिट्टानाका हुँदै पेट्रोलियम पदार्थ कोइला आयात हुन थालेपछि राजश्व समेत संकलन हुन थालेको छ । कार्यालयको मुख्यः राजश्व पूर्वी नाकाबाट आयात हुने कोइला, पेट्रोलियम पदार्थ क्लिङ्कर तथा बंगलादेशबाट नेपाल आउने पेयपदार्थले धानेको छ ।

बंगलादेशबाट आयातित पेयपदार्थ, खाद्यवस्तु तथा कोइला र पेट्रोलियम पदार्थ लगायतले कूल राजश्वको ४०/४० प्रतिशत र बाँकी २० प्रतिशत अन्यले ओगटेको भन्सार अधिकारीहरु बताउँछन् ।

यो नाका हुँदै खाना पकाउने ग्यास, मट्टितेल तयारी पोशाक, सुपारी, सिमेन्ट क्लिङ्कर, हवाई स्प्रीड, सुती कपडा, खरानी स्ल्याग, चामल तथा कनिका, रंगीन टेलिभिजन, ग्लेज टाइल, लुब्रिकेटिङ आयल, मोबिल, मोटरका ब्याट्री, प्लाष्टिकका प्याक गर्ने ट्युबहरु लगायत बिभिन्न सामग्री भारत तथा तेस्रो मुलुकबाट पैठारी भई आउने गरेका छन् ।

त्यस्तै मुसुरो दाल, भेनीयर सिट, चोकर भुस, आलस, चिया, खयर, जडीबुडी फलामे संरचनाहरु, अदुवा, सुठो, सुँगुर, बेतताड, प्लाइउड, क्राफ्ट पेपर लगायतका बस्तुहरु नेपालबाट भारत तथा समुन्द्रपार निकाशी हुने गरेका छन् ।

## बर्थिङ सेन्टरमा प्रसूति गराउँदा ५००० भत्ता



**बिर्तामोड, असोज १३।** ग्रामीण क्षेत्रका कतिपय महिलाहरु चाहेर पनि प्रसूतिका लागि अस्पतालसम्म पुग्न नसकी घरमै बच्चा जन्माउने गर्छन् ।

अशिक्षा र गरिवीका कारण ग्रामीण क्षेत्रका महिलाहरुले 'होम डेलिभरी' गर्नुपर्ने बाध्यता छ । अझ, पिछडिएको समुदायमा यो समस्या धेरै छ । पछिल्लो समय स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको संख्या बढे पनि स्वास्थ्य संस्था नै नपुगी बच्चा जन्माउनेको संख्या पनि उत्तिकै छ । सरकारले स्वास्थ्य संस्थामा सुत्केरी गराएवापत प्रोत्साहन भत्ता दिन थालेपछि ग्रामीण क्षेत्रका महिलाहरु भने यसतर्फ आर्कषित भएका छन् ।

बाह्रदशी गाउँपालिका-४ निवासी गुलावी खातुनलाई मंगलवार बिहान सुत्केरी बेथाले च्यापेपछि बाह्रदशी गाउँपालिका-६मा रहेको डाँगीवारी स्वास्थ्य संस्थामा रहेको बर्थिङ सेन्टरमा ल्याएर सुरक्षित रुपमा प्रसूति गराइएको छ । प्रसूतिका लागि डाँगीवारीमा रहेको एक क्लिनिकमा पुगेकी उनलाई स्वास्थ्य संस्थामा सुरक्षित रुपमा प्रसूति गराउने व्यवस्था रहेको र त्यहाँ जान स्वास्थ्यकर्मीले सल्लाह दिएपछि रोजवी आलमले श्रीमती गुलावीलाई स्वास्थ्य संस्था पुऱ्याएका थिए । त्यहाँ रहेको वर्थिङ सेन्टरमा गुलावीको सुरक्षित रुपमा प्रसूति गराइएको बाह्रदशी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख रामकुमार साहले बताए ।

डाँगीवारी स्वास्थ्य संस्थामा गत भदौ २ गतेबाट सुविधासम्पन्न बर्थिङ सेन्टर सञ्चालनमा आएको थियो । सोही बर्थिङ सेन्टरमा उनको प्रसुति गराइएको हो । बर्थिङ सेन्टर सञ्चालन भए पनि खातुनको पहिलो र सफल प्रसूति गराइएको साहले बताए । उनले भने- अझै पनि घरमै बच्चा जन्माउने प्रवृत्ति छ तर, गाउँमा बर्थिङ सेन्टर सञ्चालनमा आएपछि यस क्षेत्रका वासिन्दालाई सहज भएको छ । यहाँ वर्थिङ सेन्टर सञ्चालनमा थिएन भने यस्तो अवस्थामा खातुनलाई धेरै समस्या हुन्थ्यो- साहले भने- अहिले सहज भएको छ, बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै यस क्षेत्रका सर्वसाधारण समेत उत्साहित भएका छन् ।

बर्थिङ सेन्टरमा प्रसूतिका लागि ल्याइएकी महिलाले सकुशल छोरी जन्माएपछि स्थानीय दाता पुण्यप्रसाद तिवारीले नगद पाँच हजार रुपैयाँ प्रदान गरे । स्वास्थ्य

*(बाँकी अन्तिम पृष्ठमा)*

## सुनचाँदी व्यवसायीको प्रदेश अध्यक्षमा धमला



**अध्यक्ष धमला**

**बिर्तामोड, असोज १३।** नेपाल सुनचाँदी व्यवसायी संघ प्रदेश १ को अध्यक्षमा झापाका युवा व्यवसायी राजु धमला निर्वाचित भएका छन् । संघको पहिलो अधिवेशनबाट अध्यक्षमा धमला निर्वाचित भएका हुन् । उनले धरानका किसन मास्केलाई पराजीत गरेका छन् । अध्यक्षमा निर्वाचित धमला झापाका अध्यक्ष पनि हुन् ।

त्यस्तै संघको उपाध्यक्षमा चतुर चौधरी उदयपुर, धनमान वराइली, इलाम, सचिवमा कुमार श्रेष्ठ सुनसरी, सहसचिव ज्ञानु धमला दमक र कोषाध्यक्षमा राजेश सोनी झापा रहेका छन् । समितिको सदस्यमा अन्य चार जना रहेको बताइएको छ ।

## पर्स हराएको सूचना

यही मिति २०७७ असोज १२ गते बेलुका ७:३० बजेदेखि ८ बजेको बीचमा हनुमान सेन्ट्रलको पार्किङ स्थलबाट वीएण्डसी हस्पिटल जानेक्रममा कालो रंगको पर्स र पर्सभित्र रहेको महत्वपूर्ण कागजपत्र हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु भए उचित पुरस्कार प्रदान गरिनेछ ।

नामः– सुरेशकुमार शाह
९८१४९१५५६०/ ९८१५९३७०३६

## मालपोत कर्मचारीलाई कोरोना, मुद्दा शाखा बन्द

**भद्रपुर, असोज १३।** भूमि सुधार तथा मालपोत कार्यालय झापाका एकजना कर्मचारीलाई कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

मुद्दा शाखामा कार्यरत् भद्रपुर-१० बस्ने ५० वर्षीय एक पुरुष कर्मचारीलाई कोरोना पुष्टि भएको भद्रपुर नगर स्वास्थ्य शाखाका फोकल पर्सन मनोज भट्टराईले जानकारी दिए । यता मालपोतका कर्मचारीलाई कोरोना पुष्टि भएसँगै मालपोतको मुद्दा शाखा बन्द गरिएको भूमि सुधार तथा मालपोत कार्यालय झापा प्रमुख योगेन्द्र दुलालले जानकारी दिए ।

'मालपोतका एक जना कर्मचारीलाई

*(बाँकी अन्तिम पृष्ठमा)*

बाल्मीकि एजुकेशन फाउण्डेशन

## बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

Balmiki Education Foundation
Tamasoma Jyotirgamaya

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनस**मा **नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि
**बाल्मीकि एजुकेशन फाउण्डेशन**
बिर्तामोड–१, झापा
०२३–५४०१९५/ ५४२८२०

## हार्दिक बधाई



सहारा नेपाल साकोसका सचिव तथा कार्यकारी प्रमुख, सामाजिक तथा मानवीय सेवामा क्रियाशील सामाजिक अभियन्ता **श्री महेन्द्रकुमार गिरी**ज्यू वि.स. २०७७ सालको संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७७ असोज ३ गते 'समाज सेवा रत्न पदक' द्वारा विभूषित हुने घोषणा भएकोमा हामी अत्यन्तै उत्साही एवम् हर्षित भएका छौं । यस पावन अवसरमा हामी उहाँप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । साथै आगामी दिनमा उहाँको समाजसेवाप्रतिको ऊर्जा अझ क्रियाशील हुँदै जाओस् भन्ने कामना पनि गर्दछौं ।

**सुवास भट्टराईः** सचिव **कमलबहादुर बस्नेतः** अध्यक्ष
तथा सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड–४, झापा

पानीटंकीको भारतको सेवा काँकरभिट्टामार्ट

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर





ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।

7th ANNIVERSARY



सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# सीडीओलाई स्वागत, गिरीलाई बधाई





तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, असोज १३।** झापामा भर्खरै जिम्मेवारी सम्हाल्न आएका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनालाई स्वागत तथा सामाजिक सेवारत्न पदकबाट विभुषित हुन लागेका सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीलाई बधाई ज्ञापन कार्यक्रम मंगलबार बिर्तामोडमा सम्पन्न भएको छ।

अतिथि सदनमा आयोजित कार्यक्रममा संवाद समूहसहित विभिन्न संघ-संस्थाले प्रजिअ तिमिल्सिना र गिरीलाई स्वागत तथा बधाई ज्ञापन गरेका थिए। सो क्रममा बिर्तामोड उद्योग वाणिज्य संघ, मेची पेट्रोलियम डिलर्स एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी संघ, रोटरी क्लव अफ बिर्तामोड मिडटाउन, रोटरी क्लव अफ बिर्तामोड, नेपाल रेडक्रस सोसाइटी लगायतका संस्थाले सामुहिक रुपमा खादा पहिर्‍याएर तथा मायाको चिनो प्रदान गरेर स्वागत तथा बधाई ज्ञापन गरेका थिए।

झापाको नयाँ प्रजिअको रुपमा तिमिल्सिनाले गत भदौ २१ गतेबाट जिम्मेवारी सम्हालेका छन्। उनले त्यसक्रममा झापामा शान्ति सुव्यवस्था कायम गर्न सबै पक्षको सहयोग र सहकार्य जरुरी रहेको औंल्याएका थिए।

सहारा नेपाल तथा सहारा नेपाल साकोसका सचिव एवम् कार्यकारी प्रमुख रहेका गिरीको परिकल्पना र नेतृत्वमा विभिन्न अभियान सफलतापूर्वक सम्पन्न भएका छन्। यस वर्षको संविधान दिवसको दिन राष्ट्रपतिबाट गिरीलाई सामाजिक सेवारत्न पदक प्रदान गर्ने घोषणा भएको हो। त्यसक्रममा गिरीले समाज परिवर्तनका लागि सकारात्मक सोचसहित सामाजिक अभियानमा सहकार्य गर्ने र सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रम बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा भएको थियो।

# बलात्कारीलाई छुट्टै जेलदेखि मृत्युदण्डसम्मको माग

**बिर्तामोड, असोज १३।** संसदमा प्रतिनिधित्व गर्ने महिला सांसदहरूले बलात्कारीलाई मृत्युदण्ड दिनुपर्ने आवाज उठाएपछि झापामा रहेका महिला अधिकारकर्मीहरुले समस्याको जड पहिचान गरेर सजाय उल्लेख गर्नुपर्ने धारणा राखेका छन्।

मंगलबार रिपोर्टर्स क्लबले बिर्तामोडमा आयोजना गरेको कार्यक्रममा बोल्दै अधिकारकर्मी कोपिला बस्नेतले मृत्युदण्डको व्यवस्था गरिएका देशमा पनि बलात्कारका घटनामा कमी नआएकाले मानिसको आचरण र व्यवहारमै परिवर्तन गर्न जरुरी रहेको बताइन्।

कार्यक्रममा नेपाल महिला संघ झापाकी अध्यक्ष सुशीला ढकालले बलात्कारी राख्ने जेल पनि अलग्गै हुनुपर्ने बताइन्। पैसा र शक्तिको आडमा अपराधीहरुले सजाय नपाउनु विडम्बना भएको उनको भनाइ थियो।

त्यस्तै नारी संचारगृह झापाकी अध्यक्ष अम्बिका भण्डारीले बलात्कारीलाई मृत्युदण्डको सजाय उपयुक्त भएको बताउँदै तर कानून ल्याउनुभन्दा पहिला अन्तर्राष्टि्रय सन्धिमा परिमार्जन गर्नुपर्नेमा जोड दिइन्।

मेची महाकाली बुहारी संयुक्त आवाजकी झापा संयोजक शिखा खड्काले बलात्कारीलाई फाँसीको सजायको व्यवस्था हुनुपर्ने बताइन्। उनले त्यसका लागि सरकारले विद्यमान कानून संशोधन गर्न आवश्यक रहेको उल्लेख गरिन्।

अन्तरपार्टी महिला सञ्जाल झापाकी पूर्वअध्यक्ष सरु न्यौपानेले भइरहेको कानूनको प्रभावकारी कार्यान्वयन भए मात्र पनि बलात्कारका घटनामा कमी आउने विचार राखिन्।

यता राप्रपा नेतृ रञ्जु प्याकुरेलले बलात्कारका घटना हुनुको कारणको गहिरो अध्ययन आवश्यक रहेको बताइन्।




# महामारीमा पनि विपन्नलाई ५५१ घर



**चारपाने, असोज १३।** प्रधानमन्त्री केपी शर्मा ओलीले असोज ६ गते उद्घाटन गरेको साताव्यापी ४१औं सामाजिक सेवा दिवसको अवसरमा सोमबार झापाको चारपानेमा एक कार्यक्रम सम्पन्न भएको छ।

विगतका बर्षदेखि सहारा नेपालले सामाजिक रुपान्तरण र उद्यमशिलता नारालाई सार्थक तुल्याउने उद्देश्यका साथ शुरु गरेको विपन्नलाई आवास कार्यक्रममा स्थानीय सरकार, गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको संयुक्त भूमिका विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको हो।

संस्थाका अध्यक्ष भरतकुमार गिरीको अध्यक्षतामा आयोजित सो कार्यक्रमको उद्देश्य माथि सचिव महेन्द्रकुमार गिरीले प्रकाश पारेका थिए। कार्यक्रममा स्थानीय सरकार, ह्याविट्याट फर ह्युम्यानिटी नेपाल र सहारा नेपालको त्रिपक्षीय साझेदारीमा सञ्चालित विपन्न आवास निर्माण कार्यक्रमका अनुभव, सिकाइ, चुनौतिको बारेमा अन्तरक्रिया गरिएको थियो। सो अवसरमा कन्काई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेल, झापा गाउँपालिका अध्यक्ष जयनारायण साह, गौरीगञ्ज गाउँपालिका अध्यक्ष बाबुराजा श्रेष्ठ, बाह्रदशी गाउँपालिका उपाध्यक्ष रत्नकुमारी राजवंशी र बिर्तामोड नगरपालिकाका शाखा अधिकृत देवराज कार्कीले कार्यक्रमको उपलब्धि, चुनौतिहरु र सम्बन्धित पालिकाको आवास निर्माणको योजना प्रस्तुत गरेका थिए।

ह्याविट्याट नेपालको तर्फबाट कार्यक्रम अनुगमन अधिकृत राजीव बर्माले कोभिड-१९ को माहामारीमा पनि सबैको सक्रियता र सहयोगले पाँच सय ५१ विपन्नका घर निर्माण गरी हस्तान्तरण गर्न सफल भएकोमा स्थानीय सरकार, विपन्न आवास निर्माण उपभोक्ता समिति, सहारा नेपाल र लाभान्वित घरधनीलाई धन्यवाद दिँदै ह्याविट्याट नेपाल साझेदारी गर्न तयार रहेको प्रतिबद्धता जनाएका थिए। घर निर्माण उपभोक्ता समिति र स्थानीय तह तथा सहारा नेपालका प्राबिधिक समेतले धारणा राखेको सो कार्यक्रमको सञ्चालन आवास कार्यक्रमका टिमलिडर टिपी शर्मा कँडेलले र स्वागत सहसचिव लालबहादुर गिरीले गरेका थिए।

## बर्थिङ ...

संस्था निर्माणका लागि आफैले दिएको जमिनमा सुविधा सम्पन्न स्वास्थ्य संस्था सञ्चालनमा आएको र सोही स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर सञ्चालनमा आएपछि पहिलो प्रसूति गराउने महिलालाई पाँच हजार रुपैयाँ प्रदान गरेको तिवारीले बताए।

घरमा प्रसूति गराउँदा समस्या हुन्थ्यो- तिवारीले भने- गाउँघरमकै सुविधा सम्पन्न वर्थिङ सेन्टर सञ्चालनमा आएपछि खातुन मात्रै होइन सबैलाई अब सहज हुन्छ। बाह्रदशी गाउँपालिकामा रहेको इलाका स्वास्थ्य कार्यालय राजगढमा रहेको वर्थिङ सेन्टरमा आर्थिक वर्ष २०७६/०७७मा ८६ जनाले सफल रुपमा सुत्केरी गराएका छन्। स्वास्थ्यकर्मी साहले सबैलाई सुरक्षित रुपमा स्वास्थ्य संस्थामा नै सुत्केरी गराउन आग्रह समेत गरेका छन्।

गर्भवती र सुत्केरीमा जुनसुकै समयमा पनि स्वास्थ्य जटिलता देखिन सक्ने भएकाले स्वास्थ्य संस्थामा सुरक्षित रुपमा सुत्केरी गराउन साहले आग्रह गरेका छन्। सुत्केरी हुने समयमा गर्भावस्था झन् संवेदनशील हुने गर्छ- साहले भने- गर्भमा रहेको शिशुको स्वास्थ्य अवस्था थाह पाउन सकेसम्म एक-एक महिना र डेलिभरी हुने समयमा १५ दिन अगाडि भिडियो एक्स-रे गर्नुपर्छ। घरमै सुत्केरी हुँदा पछि आउन सक्ने जटिलता थाह हुँदैन, त्यसैले अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी गराउन साहको आग्रह छ।

## मालपोत ...

कोरोना पुष्टि भएपछि कार्यालयको अन्य कामकाज प्रभावित हुन नदिन एउटा शाखा मात्र बन्द गराएका छौं' -कार्यालय प्रमुख दुलालले भने- 'मुद्दा शाखामा कार्यरत सबै कर्मचारीलाई होम क्वारेन्टिनमा बस्न आग्रह गरिसकेका छौं।'

यता पहिलो पटक मालपोतका कर्मचारीलाई कोरोना भेटिएपछि सरकारी कार्यालयमा सेवा लिन जाने सेवाग्राहीमा त्रास फैलिएको छ। पछिल्लो २४ घण्टामा मेची प्रादेशिक अस्पताल भद्रपुरको पीसीआर प्रयोगशालामा गरिएको परीक्षणको एक सय एक जनाको रिपोर्ट आएको छ। त्यसमध्ये तीन जनाको पोजेटिभ आएको अस्पतालका सूचना अधिकारी मनोजकुमार पोखरेलले जानकारी दिए। तीन जनामध्ये दुई जना भद्रपुर र एक जना अर्जुनधाराका रहेका छन्। मालपोत कर्मचारीसहित अर्का एक व्यक्ति भद्रपुर-५ का ३० वर्षीय पुरुषमा कोरोना देखिएको नगर स्वास्थ्य शाखाका फोकल पर्सन भट्टराईले बताए। केही दिनअघि झापा कारागारबाट छुटेर आएका ती पुरुषलाई कोरोना देखिएको उनले बताए।

त्यस्तै अर्जुनधारा-९ बस्ने ४५ वर्षीय स्थानीय पुरुषलाई कोरोना देखिएको हो। केही दिनअघि काठमाडौंमा झापा घर फर्किएका उनी कोरोना संक्रमण जस्तो लक्षण देखिएपछि बिर्तामोडको एक क्लिनिकमा उपचारका लागि गएको बताइएको छ।


## राहदानी हरायो

काँकरभिट्टाबाट धुलाबारी आउने क्रममा यही मिति २०७७।०१।०५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- लीलानाथ गौतम
**ठेगाना**:- पथरीया-४, झापा
हालको ठेगाना:- मेचीनगर-९, धुलाबारी
**राहदानी नं.**:- ५३२८३१७
**मोवाइल**: ९८२३५२१३७२

## आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन्।

**सम्पर्क : ९८५११४४९४९**

## खुशीको खबर

ब्रा, पेन्टी, कुर्ता सलवार, मेक्सी, जिन्स पेन्ट-सर्ट लगायत सम्पूर्ण लेडिज सामानहरु अब एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाइन्छ। साथै होलसेल तथा खुद्रा दुबै कारोबार गरिन्छ।

**अन्सिका मन्चेडाइज एण्ड सप्लायर्स सिटी सेन्टर**
बिर्तामोड झापा
प्रो. युवराज गिरी /दुर्गा गिरी
फोनः ९८५२६७३२६९, ९८१४९९१६६८


## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश, झापा

मिति २०७७/०६/१३

## सूचना ! सूचना !!

नेपाल सरकारले सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटोसहितको बयोमेट्रिक स्मार्ट कार्डको निर्माणका लागि फोटो खिचाउने कार्य गरिरहेको छ। जस अनुसार बिर्तामोड नगरपालिकामा पनि राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचाउने कार्य आरम्भ भएकाले सम्बन्धित वडाभित्र तोकिएका केन्द्रमा गई फोटो खिचाउन सम्पूर्ण बिर्तामोडवासीहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | वडा नं. | केन्द्रको नाम |
|---|---|---|
| १ | १ | वडा कार्यालय |
| २ | २ | वडा कार्यालय, चारपाने, सामुदायिक भवन, पञ्चरत्न मावि |
| ३ | ३ | वडा कार्यालय, महेन्द्र रत्न मावि |
| ४ | ४ | वडा कार्यालय, गोमेन्द्र उच्च मावि, लिटल फ्लवार्स इङ्लिस स्कूल |
| ५ | ५ | वडा कार्यालय, देवी मावि, कोहेड कलेज |
| ६ | ६ | वडा कार्यालय |
| ७ | ७ | वडा कार्यालय |
| ८ | ८ | वडा कार्यालय |
| ९ | ९ | वडा कार्यालय |
| १० | १० | वडा कार्यालय |

ध्रुवकुमार शिवाकोटीः नगर प्रमुख


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्न परेमा हामीलाई सम्झनहोस।


## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।६।१४ | ११ केभी शनिश्चरे फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गतको शनिश्चरे फिडरमा पर्ने भद्रपुररोड पूर्व, मुक्तिचोक उत्तर, शनिश्चरे रोड, महानन्द चोक, शनिश्चरे बजार हुँदै खुदुनावारीको क्षेत्र सबै। | दिउँसो १:०० बजेदेखि दिउँसो ४ बजेसम्म | शनिश्चरे फिडर अन्तर्गतको बिर्तामोडको ट्रान्सफर्मर जडान तथा अन्य मर्मत सम्बन्धी कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ। |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**


## राहदानी हरायो

झापाको राजगढबाट जनता बजार जाने क्रममा यही मिति २०७७।०३।०२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- तिलक घिमिरे
**ठेगाना**:- बाह्रदशी-२, झापा
**राहदानी नं.**:- ०६२३१८५३


## मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
प्रदेश नं. १ नेपाल

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगरपालिका वडा नं. १५ बस्ने श्री एसियन फुटवेयर प्रा.लि.ले निजको नाममा दर्ता रहेको साविक ज्यामिरगढी-५ हाल मेचीनगर-१५ स्थित लालझोडा टोल शहिद मार्गमा पर्ने कि.नं. १०३७, १०४३, ४३७, ६४७, ६४८, १०४२, ६४६ क्षेत्रफल ३८०.९६, २७०.०९, १४८९.९६, १६०८.४७, २३७०.४१, १३५४.५२, १६०८.४७ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम उत्तरतर्फका सँधियार श्री नन्दलाल शिवाकोटी सिद्धार्थप्लाई मिति २०७७/०६/१२ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न न(आएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक ज्यामिरगढी हाल मेचीनगर कि.नं. १०३७, १०४३, ४३७, ६४७, ६४८, १०४२, ६४६ क्षेत्रफल ३८०.९६, २७०.०९, १४८९.९६, १६०८.४७, २३७०.४१, १३५४.५२, १६०८.४७ | लम्बाई २५.९५ मि. चौडाई २५.९१ मि. उचाई ७.३०७ मि. क्षेत्रफल ५५०.७५ वर्गमिटर | पूर्व श्री बाटो पश्चिम श्री बाटो उत्तर श्री नन्दलाल शिवाकोटी/सिद्धार्थप्लाई दक्षिण श्री आफ्नै |

## मेची अञ्चल अस्पताल
## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना (सूचना नं. ३)

**प्रथमपटक सूचना प्रकाशित मिति २०७७/०६/१४**

यस अस्पतालको लागि निम्न बमोजिमको औषधि तथा औषधिजन्य सामानहरु आवश्यक परेको हुँदा उक्त सामानहरु दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५औं दिन (सो दिन बिदा परेमा सोको भोलिपल्ट) दरभाउपत्र खरिद गरी अस्पतालले माग गरेको शर्तहरुको अधिनमा रहि दरभाउपत्र १६ औ दिन (सो दिन बिदा परेमा सो को भोलिपल्ट) दिनको १२.०० बजेभित्र सम्बन्धित कम्पनी/फर्म/सप्लायर्सको दर्ता प्रमाणपत्र, मुअ.कर दर्ता प्रमाणपत्र, आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसहित यस अस्पतालको आर्थिक प्रशासन शाखामा दर्ता गराउन सकिनेछ। साथै तोकिएको समयभित्र दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ। उक्त दरभाउपत्रका साथ प्रदेश लेखा इकाई कार्यालय भद्रपुर झापाको रा.बा.बैंक भद्रपुर शाखास्थित धरौटी खाता नं. २२१०१००२०२०३००००मा धरौटी बापतको निम्न रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क बर्गको वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिनको म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ। बिस्तृत सूचना यस अस्पतालको सूचना पार्टीमा टाँस गरिएको छ। साथै अन्य कुरा बुझ्न परेमा कार्यालयको समयभित्र यस कार्यालयमा बुझ्न सकिने वा फोन नं. ०२३-५२१०११ मा समेत सम्पर्क गर्न सकिने छ।

| सि.नं. | सूचना नं. | बिवरण | दरभाउपत्र खरिद दस्तुर रु. (फिर्ता नहुने) | धरौटी बापतको रकम | कै |
|---|---|---|---|---|---|
| १ | ०३/०७७/०७८ | एक्स-रेका लागि चाहिने सामान खरिद कार्य | १०००/ | १०५०००/ | |
| २ | ०३/०७७/०७८ | डाईलाईसिस औषधि तथा सामान खरिद कार्य | १०००/ | ११००००/ | |
| ३ | ०३/०७७/०७८ | साधारण औषधि खरिद कार्य | १०००/ | ८९०००/ | |

प्रमुख मेडिकल सुपरिटेन्डेण्ट

## मेची अञ्चल अस्पताल
## आधिकारिक प्रतिनिधि (बिक्रेता)मा सूचीकृत हुन र दररेट पेश गर्ने बारे सूचना (सूचना नं. ५)

**प्रथमपटक सूचना प्रकाशित मिति २०७७/०६/१४**

यस अस्पतालको बिभिन्न शाखामा रहेका निम्न अनुसारका मेशिनरी उपकरणमा प्रयोग हुने केमिकल तथा किटहरु प्रोप्राईटरी मालसामानहरु (Close Item) को रुपमा आ.व. ०७७/०७८मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनीका आधिारिक बिक्रेता (प्रोप्राईटरहरु) को सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को १ (ग) एवम् सार्वजनिक खरिद नियमावली २०६४को नियम ८५ (६) बमोजिम सूचीकृत हुन इच्छुक कम्पनी फर्महरुले नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनीको आधिकारिक बिक्रेता पत्र, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरुसहित उल्लेखित मेसिनमा लाग्ने केमिकल तथा किटहरुको दररेटसहित सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय खुलेको दिन मेची अस्पताल भद्रपुर झापामा आई पुग्न यो सूचना प्रकाशिन गरिएको छ।

| S.N0 | Name Of Eqiupement |
|---|---|
| 1 | FullyAutomatic Haematology Analyzer Three Part (Medonic) |
| 2 | FullyAutomatic Haematology Analyzer Three Part (Horriba) |
| 3 | CLIA Machine (Mindray) |
| 4 | PCR Machine (Roche,Germany) |

उल्लेखित सामान आपुर्ति गर्न एकभन्दा बढी सोही कम्पनीको आधिकारिक बिक्रेता दररेट पेश हुन आएमा आईटमवाईज मूल्यांकन गरी कम दररेट कवोल गर्ने आपूर्तिकर्तासँग सम्झौता गरी सामान आपूर्तिको व्यवस्था गरिने छ। आवश्यक कागजात पेश नगरेको र म्याद नाघी आएको निबेदन उपर कुने कारबाही गरिने छैन। बिस्तृत जानकारीको लागि यस अस्पतालमा सम्पर्क गर्न सकिनेछ। साथै फर्म आशिंक वा पूरा स्वीकृत वा अस्वीकृत र रद्द गर्ने अधिकार अस्पताल प्रशासनको रहने छ।

मेडिकल सुपरिटेन्डेण्ट

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# डा. केसीका माग सम्बोधन गर

चिकित्सा शिक्षामा सुधारको माग राखेर डा. गोविन्द केसी यतिबेला अनशनमा छन् । जुम्लामा छ बुँदे माग राखेर १९औं पटक अनशन बसेका डा. केसीलाई नेपालगञ्ज, काठमाडौंको ट्रमा सेन्टर हुँदै शिक्षण अस्पताल पुऱ्याइएको छ । जुम्लाको एउटा मन्दिरमा रहेको सार्वजनिक भवनबाट सत्याग्रह शुरु गरेका डा. केसीको मुख्य माग भनेकै सरकारले यसअघि गरेको सहमतिको कार्यान्वयन हो । डा. केसीले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तत्काल पूर्वाधार र जनशक्ति पुऱ्याएर एमबीबीएस लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने, गेटा मेडिकल कलेज र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जनशक्ति र पूर्वाधार पूरा गरेर पठनपाठन शुरु गर्ने लगायतका माग राखेका छन् । देशको जल्दोबल्दो समस्या कोभिड–१९ को नियन्त्रणका लागि मास्कको व्यापक प्रयोग, भौतिक दूरी अनिवार्य गर्दै पीसीआर परीक्षण व्यापक बनाउनुपर्ने उनको मागमा सामेल छ ।

स्वास्थ्य र चिकित्सा शिक्षामा सुधारसँगै सुशासनका लागि समेत लामो समयदेखि संघर्ष गर्दै डा. केसी सन्त सामाजिक अभियन्ताका रुपमा परिचित छन् । त्रिवि शिक्षण अस्पतालका सेवानिवृत्त प्राध्यापक, डा. केसी अवकाशपछि पश्चिम नेपालका दुर्गम बस्तीहरुमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्दै आएका थिए । सरकार आफैंले गरेको सहमतिको मसी सुक्न नपाउँदै त्यसविरुद्ध आफ्ना र आफू निकटका र पार्टीका कार्यकर्तालाई प्राज्ञिक क्षेत्रको नेतृत्व दिँदैछ । डा. केसी यस्तो प्रवृत्तिको अन्त्य गर्दै स्वच्छ, जेष्ठ्य, वरिष्ठ र क्षमतावान व्यक्तिलाई नियुक्ति गर्दै खासगरी चिकित्सा शिक्षा गुणस्तरीय बनाउनुपर्ने अडानमा अविचलित छन् । जनताको स्वास्थ्यप्रति सतत् चिन्तन गर्ने डा. केसी व्यक्ति स्वार्थभन्दा टाडा छन् र दूरदराजमा समेत गुणस्तरीय शिक्षा र चिकित्सा सेवा पुग्नुपर्ने मागमा दृढ छन् ।

विश्व विद्यालय, काउन्सिल र प्रतिष्ठानहरुमा निष्पक्ष र पारदर्शी ढंगले पदाधिकारी नियुक्ति हुने कानूनी व्यवस्था र स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा भएका अनियमितताको जाँच हुनुपर्छ– यो आम नेपालीको माग नै हो । देशमा पछिल्लो समय अर्बौं रुपैयाँको अनियमितताका घटनाहरु सार्वजनिक भएका छन् । डा. केसीले यस्ता विवादित घटनाहरुको निष्पक्ष छानविन गर्न जनताकै माग उठाएका हुन् । जनतालाई शिक्षा दिने र स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने सरकारको दायित्व हो, उनले त्यही दायित्वप्रति सरकारको ध्यानाकर्षण गराएका हुन् । एक दशकमा अढाई सय दिनभन्दा बढी सत्याग्रहमा बसेका सामाजिक अभियन्ताप्रति सरकार बेइमानी हुनुहुँदैन । उनको त्याग, सेवा र समर्पणबाट राज्यका सञ्चालकहरुले बरु शिक्षा लिनु पर्दछ र उनकै बाटोमा हिंड्ने प्रतिक्षा गर्नुपर्दछ । अहिले अनशनको सोह्रौं दिन भइसकेको छ । निरन्तरको अनशनले उनको स्वास्थ्य अवस्था अत्यन्त गम्भीर भइसकेको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन् । भदौ २९ गतेबाट शुरु भएको सत्य प्राप्तिको आग्रहको समर्थनमा देशव्यापी रुपमा ऐक्यबद्धता प्रकट भइरहेको सन्दर्भमा सरकार संवेदनशील र गम्भीर हुनैपर्छ । विचार, आदर्श र निष्ठाले पराजीत हुनुपऱ्यो भने देशकै लागि दुर्भाग्य हुनसक्छ ।

# न्यायपालिका शुद्धीकरणका तरङ्गहरु



लोकनाथ संग्रौला


न्यायपालिका शुद्धीकरण अभियानले केही तरङ्गहरू सिर्जना गरेको महशुस हुन थालेको छ- सकारात्मक, नकारात्मक दुबै । कसैले भन्छन्- पद प्रतिष्ठा नपाएका वा राजनीतिक पहुँचमा पुग्न नसकेका केही कानून व्यवसायीहरूले त्यसैको प्रतिक्रिया स्वरूप शुरु गरेको अभियान हो यो । केही समयपछि आफैं सेलाएर जान्छ । यो नितान्त दोषान्वेषी धारणा हो र यसमा निराशावाद छचल्किएको छ । अर्का थरी भन्छन्- अब अति भयो, सत्ता र शक्तिको आसपासमा नहुनेहरूको न्याय पाउने सपनाको अवसान हुन थाल्यो, यस्तो अभियान थालिनु पर्दथ्यो, थालियो, राम्रै भयो । त्यसैले, पहिले वास्तै नगर्ने मानिस अहिले चासो देखाउन थालेका छन् । चासो देखाउनेहरू बोल्न थालेका छन् । बोल्नेहरू लेख्न थालेका छन् र यो अभियान सुनिन थालेको छ ।

विश्व इतिहासमा कतिपय ठूला-ठूला घट्नाहरूको शुरुवात सामान्यभन्दा सामान्य प्रसङ्गबाट भएको पाइन्छ । बेलायत आफ्नो औपनिवेशिक महायात्रामा अगाडि बढ्ने कारण थियो- डचहरूले एक पाउन्ड खुर्सानीको भाउमा बढाएको पाँच शिलिङ । त्यसताका बेलायतको मसला व्यापार डचहरू (नेदरल्यान्ड निवासी)को नियन्त्रणमा थियो । त्यसैको प्रतिरोधस्वरूप लण्डन शहरका एक सय २५ जना सेयरहोल्डर मिलेर ७२ हजार पाउन्डको इस्ट इन्डिया कम्पनीको स्थापना गरे । रानी एलिजाबेथबाट व्यापारको स्वीकृति पाएपछि सन् १६०० अगस्ट २४ तारिखका दिन सामान बोकेर हिँडेको पाँच सय टनको हेक्टर नामक पानीजहाजले गुजरातको सुरतमा लङ्गुर झाऱ्यो । यही कम्पनीले समयक्रममा भीमकाय साम्राज्य ब्रिटिस राजको रूपधारण गऱ्यो ।

न्यायाधीशको जिन्दगीभर एउटै कुर्सीमा बसरे जीवन बिताउनुपर्ने पट्यारलाग्दो दैनिकी हुन्छ, न उनीहरूलाई सर्वसाधारणलाई जस्तो सामाजिक घुलमिल हुन वा अन्तरक्रियामा सहभागी हुन नै सजिलो हुन्छ । एक प्रकारले निरसिलो जीवन । यही संकुचित जीवनको सट्टामा मानिसले उनीहरूलाई एउटा नासो दिएको हुन्छ- त्यो हो उनीहरूप्रतिको अटुट आस्था र विश्वास । तर, यतिखेर नेपालमा न्याय दिनपरदिन मर्दै जान थालेको भने आभाष हुन लागेको छ । न्याय पैसामा बिक्न थालेको छ । न्यायालय भ्रष्टाचारको अखडा भयो, न्यायालयमा बिचौलियाहरूको बिगबिगी भयो भन्ने सर्वत्र गुनासो छ । राजनीतिक हस्तक्षेपमुक्त न्यायालय भएन भने केही पनि छैन । हाम्रो जीउज्यान, सम्पत्ति, सुरक्षा, प्रजातन्त्र, गणतन्त्र, लोकतन्त्र, वातावरण, प्रकृति केही पनि छैन ।

स्वतन्त्र र सक्षम न्यायालय हाम्रो जीवनको आधारस्तम्भ हो, सहारा हो । अमेरिकी राष्ट्रपति एन्डु ज्याक्सनले भनेका थिए- स्वतन्त्र न्यायालयको अभावमा नागरिकहरूलाई प्राप्त सबै अधिकार पानीका फोका सरह हुन्छन् जो केही समयपछि आफैं फुटेर जान्छन् । त्यसो त न्यायपालिकाबाट समय समयमा टनकपुर सन्धि, शाही आयोगका खारेजी लगायत केही ऐतिहासिक, साहसिक फैसला नभएका पनि होइनन् । तर, २०७१ सालदेखि निरन्तर रूपमा भाइ, भतिजा, भाञ्जा, भाञ्जी, पार्टीका कार्यकर्ता आदिको अदालतका विभिन्न तहमा गराइएको प्रवेश लगायत हालसालै भएका लज्जाजनक फैसलाहरूले जो कोहीको विवेक र अन्तष्करणलाई नराम्रोसँग चिथोरेको छ । न्यायालयलाई योजनाबद्ध किसिमले आफ्नो नियन्त्रणमा पार्ने कुत्सित मनसायले गरिएका यस्ता क्रियाकलापले न्यायालयको अस्मितामाथि नै बलात्कार गरेको छ । सर्वसाधारणको न्यायालयमाथिको अटुट आस्था र विश्वासको मजाक उडाइएको छ । शुरुमा राजनीतिक कानून व्यावसायी हुने, त्यसपछि कानून बनाउने ठाउँमा पुग्ने, पुनः कानून व्यवसायमा नै फर्कने र अन्ततः आफूले नै बनाएको कानूनको ब्याख्या गर्ने ठाउँमा पदासिन हुने । योभन्दा विरोधाभासपूर्ण र उदेकलाग्दो अवस्था के होला ? भाइ-भतिजा, नातागोताको आवश्यकता श्राद्ध, देवाली, गुठी आदिमा हुन सक्छ, न्यायालयमा होइन । यो त योग्यतममध्ये योग्यहरूको विवेकद्वारा चल्ने प्रणाली हो । प्रकारान्तरले आज न्यायपालिकाको नियन्त्रण र नेतृत्वको शीर्ष स्थानमा राजनीतिक दलहरू आसीन हुन पुगेका छन् । रूप (Form)मा न्यायालय ठीकै जस्तो देखिन्छ तर सार (Essence)मा गन्हाइसकेको छ ।

अब प्रश्न उठ्छ- सुधार कहाँबाट, कसरी गर्ने ? यो प्रश्न अत्यन्त गम्भीर र चुनौतिपूर्ण छ । सबैभन्दा राम्रो त हाम्रा राजनीतिक दलहरू सुध्रि दिए हुन्थ्यो, तर तिनको गतिमति हेर्दा सुदूर क्षितिजसम्म पनि यस्तो सम्भावना देखिँदैन । अनि राजनीतिक दललाई सुधार्ने काम हाम्रो बसको कुरा रहेन । मेरो विचारमा अभियानको पहिलो प्रयास न्यायाधीशको प्रवेशद्वारको रूपमा रहेको न्यायपरिषद्बाट नै हुनुपर्दछ । संसदीय दलको कार्यालयमा बसेर प्रधानन्यायाधीशलाई न्यायाधीशमा नियुक्तिका लागि आफ्ना आसेपासेहरूको नाम टिपाउने काम होस् वा न्यायाधीशहरू संसद्प्रति उत्तरदायी हुनुपर्दछ भन्ने माग होस् वा न्यायपरिषद्का सदस्यहरू बिचौलियासँग कुनै होटलमा बसेर नियुक्त हुने न्यायाधीशहरूको टुङ्गो लगाइएको कुरा नसुनिएका होइनन् । २०४७ सालको संविधानले सर्वोच्चका दुई वरिष्ठतम् न्यायाधीशसहित न्यायाधीशहरूको बहुमत भएको सबल न्यायपरिषद्को व्यवस्था गरेको थियो । तर, २०६३ सालको अन्तरिम संविधानले सर्वोच्चका दुई न्यायाधीशमध्ये एक जनामात्र राखी बारको सिफारिसमा नियुक्त हुने सदस्य थप गरी न्यायाधीश अल्पमतमा पर्ने संरचना तयार गरियो । २०७२ सालको संविधानले यसैलाई निरन्तरता दियो । यस्तो पृष्ठभूमिमा राजनीतिक छनौटलाई राजनीतिक नेतृत्वबाट खोसेर ल्याउने काम कम चुनौतिपूर्ण छैन । मलाई लाग्छ, देशमा उदाएको नवधनाढ्य वर्ग, नयाँ आर्थिक सम्बन्धहरूको सिर्जना तथा राजनीतिक दलहरूको त्रिकोणात्मक पडयन्त्रको सिकार बन्दै गइरहेको छ, न्यायालय ।




भारतमा राष्ट्रिय न्यायिक नियुक्ति आयोग (NJAC) खारेज गर्दै त्यहाँको सर्वोच्च अदालतले आफ्नो एक हजार पृष्ठ लामो फैसलामा भनेको थियो । 'नियुक्ति प्रक्रियामा न्यायिक वर्चश्व न्यायालयको स्वतन्त्रताका लागि अत्यन्त आवश्यक हुन्छ । सम्भव भएसम्म नियुक्त हुने न्यायाधीशहरूको अन्तिम चयन र नियुक्तिमा राजनीतिक-कार्यकारिणीको कुनै पनि भूमिका हुनुहुँदैन ।' तसर्थ, त्यहाँको सर्वोच्च अदालतले सो आयोगलाई सन् २०१५ मा खारेज गरी पुनः कलेजियम पद्धति अपनाउन पुग्यो । यो फैसलाबाट पनि केही सिक्न सकिन्छ कि ? विचार गरौं । अमेरिकी चौथो प्रधान न्यायाधीश जोन मार्सलले न्यायाधीशहरूमाथि विश्वास दिलाउने आधार भनेकै उनीहरूको नियुक्ति प्रक्रिया र कार्यसम्पादनमा देखिएको स्वतन्त्रता भएको बताएका थिए । सबैभन्दा मूल कुरा भनेको न्यायप्रतिको निष्ठा, इमानदारिता र प्रतिबद्धता नै हो । अरू सबै भएर पनि यी कुरा भएनन् भने न्यायको अवसान हुन सक्छ । अटल विश्वास र साहस भएको एउटै प्रधान न्यायाधीशले पनि परिषद्मा बहुमतको निर्माण गर्न सक्छ (A man with courage makes a majority - US President Andrew Jackson) ।

अर्को कुरा, न्यायाधीशको संसदीय सुनुवाइको औचित्यबारे पनि छलफल हुनुपर्छ । राजनीतिक दलहरूको मिलीभगतमा न्यायाधीशहरूको नियुक्ति गर्ने अनि तीनै दलका नेता कार्यकर्ताहरू भएको संसदीय सुनुवाइ समितिले तिनलाई प्रश्न गर्ने । यो व्यवस्था अलिक विरोधाभाष जस्तो लाग्दछ । संसदीय सुनुवाइको व्यवस्था मूलतः अमेरिका जस्ता राष्ट्रपतीय प्रणाली भएका मुलुकहरूका लागि उपयुक्त भएको कुरा सुनिन्छ । त्यसैगरी, पेशी तोक्ने प्रणालीलाई कसरी वैज्ञानिक बनाउन सकिन्छ भन्नेबारे पनि गम्भीर बहसको आवश्यकता छ । बिचौलियाको गठजोड र सेटिङमा भएका मुद्दाहरू तुरुन्तै पेशीमा चढ्ने तर अरूका मुद्दाहरू महिनौंसम्म पनि नचढ्ने । नीतिगत भ्रष्टाचारको प्रमुख बिन्दु यसैलाई मानिएको छ । अटोमेसन प्रणालीमा लगेर हुन्छ वा न्यायाधीशहरूले संयुक्तरूपमा पेशी तोक्ने व्यवस्था गरेर हुन्छ सुधारको अपरिहार्य आवश्यकता छ । त्यस्तै, एउटै प्रकृतिका मुद्दाहरूमा भिन्न-भिन्न खालका फैसलाहरू भएको पनि सुनिन्छ । के कारणले यस्तो भएको हो ? यसमा या त न्यायाधीशको अध्ययन अनुसन्धान नपुगेको हुनुपऱ्यो या न्यायकर्ता आर्थिक प्रलोभनमा फँसेको हुनुपऱ्यो या न्यायाधीशमा नै कार्यक्षमताको अभाव हुनुपऱ्यो । भनाइ नै छ- नेपालमा हरेक गोजीबाट नजिर निस्कन्छन् ।

लोकसेवा आयोगको कठिनतम् ढोका पार गरेर जिल्ला अदालतमा नियुक्त भएका काबिल न्यायाधीशहरू त्यहींबाट अवकास हुने तर सत्ता, शक्ति र पहुँच हुनेहरू एकैचोटी प्रधानन्यायाधीशको रोलक्रममा पर्ने गरी सर्वोच्चमा नियुक्त भएर आउने । के यस्तो व्यवस्था अन्यायपूर्ण छैन ? उनीहरूको योग्यता पुग्छ कि पुग्दैन ? उनीहरुको अध्ययन कस्तो छ ? उनीहरूका लेख/रचना कति प्रकाशित भएका छन् ? अनुसन्धान कति गरेका छन् ? आर्थिक तथा बौद्धिक इमानदारिताको पाटो कस्तो छ ? उनीहरूले लडेका मुद्दाहरूको संख्या कति छ ? यी सबै कुराको सपाट अध्ययन गरिनुपर्छ । एउटा इमानदार व्यक्तिमा मात्र नैतिक, साहस र आँट हुन्छ । आफ्नो जीवनको अधिकांश समय दातासँगको लसपस र गैरसरकारी संस्थामा काम गरेर बिताउने अनि शक्ति र पहुँचको आडमा उच्च अदालत र सर्वोच्चमा नियुक्ति लिने !

त्यसो त राजनीतिक व्यक्तिहरूले न्यायाधीशको नियुक्ति पाएका उदाहरण नभएका पनि होइनन् । अमेरिकामा सबैभन्दा लामो समयसम्म प्रधान न्यायाधीश (चौथो) भएका जोन मार्सल र भारतका प्रसिद्ध न्यायाधीश कृष्ण ऐयर पनि नियुक्त हुनुअघि मन्त्री भइसकेका व्यक्तित्व थिए । तर, न्यायप्रति उनीहरूको समर्पण, निष्ठा, विश्वास र प्रतिबद्धता विस्मयकारी थियो । आफ्नो पालो मिचिँदा मात्र पनि राजीनामा दिने हंसराज (एचआर) खन्ना चरणसिंहको सरकारमा केबल तीन दिनका लागि मन्त्री भए, त्यसपछि राजीनामा दिए । उनी मन्त्रीमा नियुक्त भएपछि बीजेपी नेता एल.के. अड्वानीले 'जसबाट हामीले प्रेरणा लियौं उनैले हामीलाई धोका दिए' भनेका थिए । भनिन्छ- असल मनसाय भएको न्यायाधीश भएमा खराब कानूनको पनि सही व्याख्या गरी न्याय मर्न दिँदैनन् रे । तर, त्यसका लागि न्यायप्रतिको प्रतिबद्धता, निष्ठा, अध्ययन, अनुसन्धान, सदैव सिक्ने उत्सुकताको आवश्यकता पर्दछ । साथै, आर्थिक र बौद्धिक इमानदारी भएन भने निर्णयासनमा बस्नुको कुनै औचित्य छैन । त्यसो त अहिले पनि नेपालमा आर्थिक र बौद्धिकरूपले इमानदार, अध्ययनशील न्यायाधीश नभएका चाहिँ होइनन् । तर उनीहरू सबै ओझेलमा परेका छन् ।


सुनिन्छ, नेपाल बारले सर्वोच्च र उच्च अदालतका न्यायाधीशलाई समेत तालिमको व्यवस्था गर्न सिफारिस गरेको छ रे । मेरो विचारमा यो स्वीकार्य हुन सक्दैन । त्यसमा पनि सर्वोच्च अदालतका न्यायाधीशका लागि तालिमको सिफारिस त झनै अचम्मलाग्दो कुरा भयो । सर्वोच्च अदालत फैसला कसरी गर्ने वा फैसला कसरी पढ्ने भनी सिक्न तालिम लिन जाने फलैंचा होइन, त्यो त प्रताप मल्लका पालामा जस्तो कालभैरबका अगाडि शपथ खाएर सिधैं निर्णयासनमा गई फैसला गर्ने ठाउँ पो हो त । त्यो फैसला गर्न सिक्न जाने ठाउँ होइन । त्यसैले, त्यहाँ तलैबाट खारिएर गएका अनुभवी न्यायाधीशहरूको आवश्यकता हुन्छ । र, अनुभव भन्ने कुरा समयक्रममा मात्र हासिल गर्न सकिन्छ, जसरी बुढाबुढी हुनुको अनुभव आफू पनि बुढाबुढी भएपछि मात्र गर्न सकिन्छ । सायद, यस्तै यथार्थताको आलोकमा विश्वप्रसिद्ध कुटनीतिज्ञ मानिएका हेनरी किसिन्जरले भनेका थिए, 'प्रतिभाशाली व्यक्तिले अनुभव बाहेक सबै कुराको परिपूर्ति गर्न सक्छ । (An intelligent man can make up the lack of everything except experience.) त्यसैले होला किसिन्जरमा कुटनीतिबारे केही पनि ज्ञान नभएको कुरा माओले बताएका छन् । किनभने उनलाई प्राध्यापनबाट सिधैं कुटनीतिक क्षेत्रमा लगिएको थियो । अनुभवले कार्यदक्षतालाई तिखार्दै लैजान्छ । सर्वोच्चका न्यायाधीशलाई तालिममा पठाउने होइन, कार्यदक्षताको अभाव देखिए सिधैं कारबाही चलाउनुपर्छ ।

हाम्रा जिल्लादेखि सर्वोच्च अदालतमा मुद्दाको व्यवस्थापन एउटा भयंकर समस्याको रूपमा देखापरेको छ । मुद्दाको चाप त्यतिकै छ, तीनै तहमा । बहसको क्रममा सत्ता र सम्पत्ति हुनेहरूले ८०/९० जनासम्म कानून व्यवसायी राखी महिनौंसम्म बहस लम्ब्याउने गरेको देखिएको छ, भोगिएको छ । यसका लागि अदालतलाई समयको व्यवस्थापन गर्न अत्यन्त चुनौतिपूर्ण हुनजान्छ । तर, अमेरिकी सर्वोच्च अदालतमा बहसका लागि केवल एक घण्टा समय तोकिएको हुँदोरहेछ । अर्थात्, जतिसुकै कानून व्यावसायी भए पनि, प्रत्येक पक्षले आधा घण्टामात्र समय पाउँछ र उसले त्यो समयभित्र आफ्नो बहस टुग्यांउनुपर्ने हुन्छ । यस्तै प्रक्रियाको वरिपरि रहेर हामीले पनि त्यस्तै कुनै प्रबन्ध गर्नसके मुद्दा र सयमको व्यवस्थापनमा सहजता आउँथ्यो कि ? यसो हुन सके न्याय पाउनेहरूको दायरा अझ फराकिलो हुन्थ्यो ।

कानून व्यवसायीहरूको भविष्य स्वतन्त्र र सक्षम न्यायालयमा टिकेको हुन्छ । केही अग्रज कानून व्यावसायीद्वारा शुरु गरिएको यो अभियान प्रशंसनीय छ । यस अभियानमा विशेषतः युवा कानून व्यावसायीहरूको सक्रिय सहभागिता, साथ र सहयोग अत्यन्तै आवश्यक र अपेक्षित छ । युवा कानून व्यवसायीहरूको हातमा नै न्यायालयको भविष्य छ । संस्था बलियो भएमात्र लोकतन्त्र बलियो हुन्छ । अगाडिको यात्रा कठिन हुनसक्छ । यात्राका क्रममा झिनामसिना सुधारले विचलित बनाउन सक्छन् । अनेकौं कोणबाट अभियानकर्ताबीच फुट ल्याउने प्रयत्नहरू हुन सक्छन् । न्यायालयमा सारभूत सुधारको आवश्यकता टड्कारो देखिएको छ । होइन भने शास्त्रमा भनिए झैं जसरी सर्प भएको रुख चराका लागि बस्न योग्य हुँदैन, त्यसरी नै न्याय मरेको मुलुक पनि नागरिकका लागि बस्न योग्य हुँदैन ।

*(संग्रौला अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आबद्ध छन् ।)*

# हत्या, हिंसा र बलात्कारका घटनाबाट त्रसित मन



जोश्ना श्रेष्ठ

पछिल्लो समय मुलुकमा अपराधको घटना बढ्दै गएको छ । दैनिकजसो एकपछि अर्को गर्दै श्रृंखलाबद्धरुपमा अपराधिक घटनाहरु बाहिर आइरहँदा मानिसको मनमा त्रास बढेको छ । जसकाकारण जनमानिस आतंकित बनेका छन् । चिन्तित बनेका छन् । असुरक्षित महशुस गरेका छन् । व्यक्ति हत्या र यौन अपराधका घटना संख्यात्मक रुपमा बृद्धि भएर सीमा नाघेको छ । यस्ता घटना सुन्दा दिनदिनै मानिसमा क्रुरता र साक्षसी स्वभाव हावी हुँदै गइरहेको भान हुन्छ । के अब मानवीयता हराउँदै गएको हो त ? भन्ने पनि लाग्छ ।

विश्व कोरोना महामारीसँग जुधिरहेको बेला चैत्र ११ गतेको लकडाउनदेखि यता छ महिनाको अवधिमा मुलुकभरमा अनगिन्ती जघन्य अपराधका घटनाहरु घटेका छन् । जसका कारण धेरै मानिसहरुले ज्यान गुमाएका छन् । कतै परपुरुषसँगको सम्बन्धका कारण श्रीमतीद्वारा आफ्नै श्रीमान्को हत्या भएको छ भने कतै छोराबाट आमाको हत्या भएको छ । कतै आपसी विवादका कारण छोरीद्वारा बाबुको हत्या भएको छ । कतै नातिद्वारा हजुरआमाको निर्मम हत्या भएको छ त कतै आर्थिक लेनदेनका कारण साथीबाट साथीको हत्या भएको छ । कतै अन्तरजातीय प्रेमका कारण समूहद्वारा समूहको हत्या भएको छ भने कतै व्यक्तिद्वारा समूहको हत्या भएको छ । कतै छोराहरुबाट बाबुको हत्या भएको छ भने कतै जेठाजुबाट बुहारीको हत्या भएको छ । यस्तै कति अपराधका घटनाहरु परिवारभित्र परिवारका सदस्यबाटै भएका छन् भने कति रिसिइबीका कारण व्यक्तिबाट व्यक्ति हत्याकाण्ड पनि उत्तिकै दैनिक रुपमा भइरहेका छन् ।

मानिसहरुलाई यतिबेला एकातिर कोरोना महामारीको डर छ भने अर्कोतिर समाजमा बढ्दै गएको हिंसात्मक प्रवृत्तिको डर छ । मुलुकमा यस्ता जघन्य अपराधका घटनाहरु किन सामान्य बन्दै छन् ? विश्वशान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमि नेपालमा किन यति बिघ्न अपराधका गतिविधिहरु मौलाउँदै गइरहेका छन् ? विश्वमा शान्तिको देश भनेर चिनिने देश आज किन अशान्त बन्दैछ ? कैयौं निर्मलाहरु दैनिकजसो बलात्कृत भइरहेका छन्, मारिइरहेका छन् । आफ्नै शिक्षक, जनप्रतिनिधि र छरछिमेकबाटै यौन शोषणमा परिरहेका छन् उनीहरु । निर्मलाहरु बलात्कारपछि बलात्कारीबाटै मारिएका छन् भने कति समाजमा बद्नाम हुने डरले आफैं आत्महत्या गर्न बाध्य भएका पनि छन् । बलात्कारका घटनालाई कतिपय अवस्थामा गाउँमै पञ्चहरुद्वारा पैसामा मिलाउने कोशिस गरिँदा न्याय नपाएर पीडितले आत्महत्यासम्म गरेका छन् । अत्यन्त घृणित र दुःखलाग्दो कुरा के छ भने केही समययता आफ्नै बाबुद्वारा नाबालिका छोरीहरु बलात्कृत भएका घटनाहरु छन् ।



यसरी बालिकाहरु घरमै आफनै जन्म दिने बुबाबाट असुरक्षित र बलात्कृत हुन थालेपछि अब कसको विश्वास गर्ने ? नाबालिका छोरीहरुलाई कसरी जोगाउने भन्ने गम्भीर चिन्ता आमाहरुलाई थपिएको छ ।

अनुसन्धानबाट यस्ता अपराध, हिंसाका घटना विभिन्न कारणले घटेको देखिएका छन् । कतिपय अवस्थामा मादकपदार्थको सेवनबाट भएको पृष्टि भएको छ भने कतिपय मानसिक रोगको समस्याका कारण पृष्टि भएको छ । कतिपय घटना रिसिइबी र लेनदेनका कारण घटेको देखिएको छ । त्यस्तै प्रविधिको विकास सँगै अपराधका शैलीहरु फरक र भयानक बन्दै गएका छन् । सामाजिक सञ्जालको प्रयोगबाट धेरै मानिसहरु अपराधको शिकार बनेका छन् । विज्ञहरु व्यक्ति हत्या र यौन शोषण जस्ता अपराध हाम्रो समाजमा मौलाउनुका प्रमुख कारण मुलुकको फितलो कानून र दण्डहीनता औल्याउँछन् । पहुँचवाला र शक्तिमा रहेकाहरुबाट अपराधीलाई कानूनी कारवाहीको साटो संरक्षण गरी राजनीतिक र शक्तिको आडमा दोषीलाई उन्मुक्ति दिएर अपराधीको मनोबल बढाउने काम भएको बताउँछन् उनीहरु । जसले हिंसा भड्किलो बन्न सघाउ पुऱ्याइरहेको छ ।

पीडितले न्याय पाउन अनेक शैलीमा आन्दोलन गर्नुपर्ने, न्याय नपाएर पीडित झन्-झन् पीडित बनेर मर्न बाध्य भएका कैयौं उदाहरणहरु पनि हाम्रो मुलुकमा छन् । शक्तिमा रहेकाहरुबाट वास्तविक अपराधी लुकाउन राजनीतिक चलखेल गरिँदा, घटना तोडिँदा, मोडिँदा र सामसुम पारेर जनताको आखामा छारो हाल्ने काम गरिँदा जनताको सरकारप्रतिको विश्वास कम भएको छ ।

आखिर कहिलेसम्म यस्तो दिन भोग्नुपर्ने जनताले ? गरीबलाई ऐन धनीलाई चैन कहिलेसम्म सरकार ? अपराध रोक्न गम्भीरता देखाउ सरकार । जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति देउ । जनताको जीउधनको सुरक्षा गर । ज्यान मार्ने र बलात्कारीलाई जस्ता अपराधीलाई कडा दण्डसजाय ( मृत्युदण्ड या आजीवन कारावास)को व्यवस्था गरेर अपराध न्यूनीकरण गर र कयौं निर्मलाहरुलाई न्याय देउ । ताकी यस्ता अपराध गर्न फेरि कसैले आँट त के सोचसम्म राख्न नसकोस् ।

यही गतिमा अपराध दैनिक उछृङ्गल र भड्किलो बन्दै गए अवस्था भयाभह बन्न सक्छ । यो सबैको चिन्ताको बिषय हो । आधुनिक युग बच्चादेखि बुढापाकासम्म सबैको हात-हातमा मोबाइल, सूचनाको पहुँच । अपराध गर्ने प्रवृत्तिको सिको हुन सक्ने सम्भावना पनि छदैछ । यसर्थ सरकारको यसमा गम्भीर ध्यान जान जरुरी छ । दण्डहीनता होइन, कानूनी राज्यको प्रत्याभूति गराउन जरुरी छ । नेपाली जनताले आफ्नो देशमा, घरमा सुरक्षित र शान्त महशुस गर्न सकेमात्र सुखी र समृद्ध नेपाल सम्भव हुनेछ ।

## होटल सञ्चालक पक्राउ

**ताप्लेजुङ, असोज १३।** ताप्लेजुङ सदरमुकाम फुङलिङको वीरेन्द्र चौकमा रहेको होटलमा असामाजिक क्रियाकलाप गरेको अभियोगमा प्रहरीले होटल सञ्चालकसहित दुईजनालाई पक्राउ गरेको छ।

मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, होटल सञ्चालनका नाममा असामाजिक क्रियाकलाप सञ्चालन गर्ने र त्यसका कारण शान्तिसुरक्षामा असर पुग्ने भन्दै प्रहरीले होटल सञ्चालक महिला र अर्का एक पुरुषलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्ला प्रहरी प्रमुख डिएसपी महेन्द्रकुमार श्रेष्ठले पक्राउ परेका दुई जनामाथि अभद्र व्यवहार सम्बन्धी मुद्दा दर्ता गरी आवश्यक कानूनी कारवाही अघि बढाइएको जानकारी दिए।


### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### पायल्स तथा हाडजोर्नी

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक। पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग।

**बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी**
अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३-५९०१६६,
९८०६०००३१३, ९८४२७१६५८८

### टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

**मो. ९८१५९५२४९९**
**९८४१३२१४६४**

### इन्स्योरेन्स पेपर हरायो

यही मिति २०७६ चैत्र ७ गते चारआलीबाट बिर्तामोड जाने क्रममा मेरो निम्न व्यहोराको चार्ली कम्पनीको इन्स्योरेन्स पेपर हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ।

**नाम**:- सूर्यकुमार सुब्बा
9421275 (6/11GR)
**ठेगाना**:- मेचीनगर-१२, झापा
**कम्पनी नाम**: चार्ली कम्पनी
**सम्पर्क**: ९८६२७७७६९८

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

### आवश्यकता

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई निम्न कर्मचारी चाहियो।
पद : मार्केटिङ/सेल्स (महिला/पुरुष)
तलब : कम्पनीको नियम अनुसार

**कञ्चनजंघा हस्पिटल ई.(प्रा.लि.)**
९८०१४२३६४८, ९८०१४२३६४४




### कर्मचारी आवश्यकता

**सेल्स/मार्केटिङ** : १५ महिला/पुरुष
**काम गर्ने स्थानः** काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड।
*तलबः १२,६००+कमिशन+बोनस*
**घरमा काम गर्ने** : १ जना (महिला)
*(खान/बस्न सुविधा छ)*

**Nepal Jobs Care Service Pvt. Ltd.**
**मो. ९८२६९२०००१, ०२३-५४६६८३**

### कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता।
कुक- २ जना वेटर- १ जना
हेल्पर- १ जना (महिलालाई प्राथमिकता)

**सम्पर्कः ९८१४०१५१०४, ०२३-५४५४५७**

### सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस्।

**उमेर : २६ देखि ४८ सम्म**
**सम्पर्क** : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)

### Dubai मा अफिस ब्वाई, मर्चेन्डाईजर, महिला तथा पुरुष सेक्युरिटी गार्डहरुलाई, रोजगार

१.कम्पनी **Deyaar Facilities Management LLC, UAE**

पूर्व स्वीकृती मिति २०७६।१०।०७ चलानी नं. ६०१५३२०६ LT.No. 234471

| क्र.सं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दैनिक कामगर्ने घण्टा | ओभरटाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards/Guards | 100 | [illegible] | 1200 | ३८,४०० | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners | 100 | | 800 | २५,६०० | | | | | | | |
| 3 | Office Boy | 50 | | 900 | २८,८०० | | | | | | | |

**नोट**: १. अफिस ब्वाई, मर्चेन्डाईसर र सेक्युरिटी गार्डको हकमा अंग्रेजी भाषा राम्रोसंग जान्ने हुनु पर्दछ।
२. उचाई कम्तिमा ५ फिट ४ इन्च भन्दा माथि हुनु पर्नेछ।

२.कम्पनी **ABU Dhabi Berkeley Services LLC, Abu Dhabi, UAE**

पूर्व स्वीकृती मिति २०७६।१०।२७ चलानी नं. ६०१५२०२३ LT.No. 232815

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दैनिक कामगर्ने घण्टा | ओभरटाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 50 | काममा अनुभव | 800 | २५,६०० | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | छ | २ वर्ष |

**नोट**: १. क्लिनरको हकमा उमेर १८ देखि ४५ वर्ष ननाघेको हुन हुनु पर्नेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले तिर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च तिर्ने/नतिर्ने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले तिर्ने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने | भीषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले तिर्ने | रु १५,००/- कामदारले तिर्ने | निःशुल्क |

फाईनल अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट शाखा कार्यालय बिर्तामोडमा मिति २०७७ असोज १८ गते (4 Oct., 2020) मा र काठमाण्डौमा मिति २०७७ असोज १९ गते (5 Oct., 2020) मा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- [illegible]

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
सामाखुशी रिङरोड, काठमाडौं। सम्पर्कः ०१-४३८७९९१, ४३८७९९२
शाखा कार्यालय बिर्तामोडः- ०२३-५४१०६०, ५४०९१७, ५४५३३८८, मो. ९८०१०३३९७७
९८०१०३३९७२, ९८०१०२३८१३, ९८०१०३३९७५, ९८०१०३३९७०, ९८०१०३३९७४
(श्रम इजाजत नं. ८०६।०६५/६६)
email: pr@siwakoti.com, siwakoti806@gmail.com

# हार्दिक बधाई तथा शुभकामना





नेपाल सुनचाँदी व्यवसायी महासंघ प्रदेश नं. १ को २०७७ असोज १२ गते धरानमा सम्पन्न प्रथम अधिवेशनबाट युवा व्यवसायी, समाजसेवी, ऊर्जाशील व्यक्तित्व, व्यवसायीको हकहितमा हरपल लागीरहने यस नेपाल सुनचाँदी व्यवसायी संघ झापाका निवर्तमान अध्यक्ष **रुपदल विश्वकर्मा (राजु धमला)** गरिमामय अध्यक्ष पदमा तथा संघका सचिव **राजेश सोनी** गरिमामय कोषाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवम् शुभकामना प्रकट गर्दै उहाँहरू लगायत सम्पूर्ण निर्वाचित कार्यसमितिलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

**राजु धमला**
अध्यक्ष

**राजेश सोनी**
कोषाध्यक्ष

**राजकुमार गुप्ता**
कार्यवाहक अध्यक्ष

**रमेश बराइली**
विशिष्ट सदस्य

**धीरेन सेन्च्युरी, तुलसी विमली, रमेश पोर्तेल, टोलबहादुर बराइली**
उपाध्यक्षहरु

**विजय श्राफ**
कोषाध्यक्ष

**सदस्यहरु : अभिषेक गहतराज, नगेन्द्र गहतराज, मोहन सेन्च्युरी, दीपक साह, दीपक श्रेष्ठ, कृष्ण श्राफ**

## एवम् नेपाल सुनचाँदी व्यवसायी संघ, झापा परिवार

**रत्न सुपरमार्केट, बिर्तामोड (झापा)**




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
तापनि उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। फाइदाका पछि लाग्दा धनमाल गुम्न सक्छ। काम रोकिनाले दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। बाध्यताले अलमल्याउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि दोहोर्‍याएर प्रयत्न गर्दा लाभ हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। चिताएको मूल्य प्राप्त नभए पनि पछि फाइदा हुने काम हातलागी हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ। विशेष योजना सार्वजनिक नगर्नुहोला। दिगो कामको जग बसाउन सकिनेछ।